नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १५५८

मिति : २०७७।१०।२२

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

विषयः बालपोषण भत्ता सम्बन्धमा ।

श्री महानगरपालिका सबै,
श्री उपमहानगरपालिका सबै,
श्री नगरपालिका सबै,
श्री गाउँपालिका सबै ।

उपरोक्त विषयमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा (९) उपदफा (१) अनुसार बालपोषण भत्ता उपलब्ध गराउने सम्बन्धमा मन्त्रिपरिषद्को मिति २०७७।२।१२ को निर्णय र बालपोषण कार्यक्रमको क्षेत्र बिस्तार गर्ने मन्त्रिपरिषद्को मिति २०७७।९।१० को निर्णय यसै साथ संलग्न छ । यस बिषयमा बिभागको च. नं.१५११ मिति २०७७।२।१६ को पत्रबाट समेत जानकारी गराइसकिएको हुंदा हाल क्षेत्र बिस्तार भएका स्थानीय तहहरुले समेत मन्त्रिपरिषद्को निर्णय र बिभागको उक्त पत्रानुसार गर्नु / गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(कुलशेखर अर्याल)
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

विषयः जेष्ठ नागरिक तथा बाल पोषण भत्ता वितरणको क्षेत्र तोक्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७७/०१/२१

१.विषयको संक्षिप्त व्यहोराः

सामाजिक सुरक्षा ऐन,२०७५ को दफा २९ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सामाजिक सुरक्षा नियमावली नबनुन्जेल सम्म नेपाल सरकारले साविकमा दिई आएको सामाजिक सुरक्षा भत्ताहरू दिन बाधा पर्ने छैन भन्ने प्रावधान अनुरूप साविकमा नेपाल सरकारले तोकेका कर्णाली प्रदेशका ५ वटा जिल्लाका ६० वर्ष माथिका जेष्ठ नागरिक तथा देशभरीका ५ वर्ष उमेर पुरा नगरेका दलित बालबालिका र मानव गरिबी सुचकाङ्कमा पछाडी परेका १४ वटा जिल्लाका बालबालिकाहरूलाई सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्रदान गरिएकोमा मिति २०७६/१२/०३ गते सामाजिक सुरक्षा नियमावली २०७६ जारी भई साविकमा खाईपाई आएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने अवस्था सिर्जना भएको छ ।

२.प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः

क) जेष्ठ नागरिक भत्ताः सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ को उपदफा (२) बमोजिम नेपाल सरकारले कुनै निश्चित क्षेत्र तोकी त्यस्तो बसोबास गर्ने उपदफा (१) बमोजिमको उमेर नपुगेका जेष्ठ नागरिकलाई समेत त्यस्तो भत्ता उपलब्ध गराउन सक्नेछ ।

ख) बालपोषण भत्ताः सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ को उपदफा (१) बमोजिम अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको बालपोषण भत्ता पाउनेछन् ।

ग) यस प्रकार विगत वर्षहरूबाट नियमित रूपमा भत्ता वितरण भईरहेको र चालु आर्थिक वर्ष २०७६/७७ का लागि आवश्यक पर्ने रकम बजेट मार्फत स्थानीय तहमा पठाइसकिएकोले अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने नदेखिएको ।

३.प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम कर्णाली प्रदेशका हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट ५ वटा जिल्लाका ६० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिक तथा देश भरीका ५ वर्ष मुनीका दलित बालबालिका र मानव गरिबी सुचकाङ्कमा पछाडि परेका हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ्ग, रौतहट, महोत्तरी, जाजरकोट, सर्लाही, डोटी, बाजुरा र सिराहा गरी १४ जिल्लाका ५ वर्ष उमेर पुरा नगरेका बालबालिकाहरूले साविकमा सामाजिक सुरक्षा भत्ता खाईपाई आएकोमा सामाजिक सुरक्षा ऐन, २०७५ लागू भएपछि नेपाल सरकारले क्षेत्र तोकी माथि उल्लेखित भत्ता वितरण गर्न सकिने व्यवस्था रहेकाले सो ऐनको दफा ४ को उपदफा (२)

बमोजिम माथि उल्लिखित ५ जिल्लाका ६० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिक तथा सोही ऐनको दफा ९ को उपदफा (१) बमोजिम नेपाल भरीका ५ वर्ष उमेर पुरा नगरेका दलित बालबालिका र मानव गरिबी सुचकाङ्कमा पछि परेका माथि उल्लिखित १४ जिल्लाका ५ वर्ष उमेर पुरा नगरेका बालबालिकाहरूलाई विगत देखि खाईपाई आएको सामाजिक सुरक्षा भत्ता प्रदान गर्न क्षेत्र तोक्न उपयुक्त हुने देखिएकोले नेपाल सरकार (मं.प.) मा प्रस्ताव पेश गर्न माननीय गृहमन्त्रीज्यूबाट मिति २०७७/०१/२१ मा स्वीकृति प्राप्त भएको हुँदा नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय सङ्ख्या-४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४.निर्णय हुनुपर्ने व्यहोराः

क) नेपाल सरकारले कर्णाली प्रदेशको हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्ला का ६० वर्ष माथिका सबै नागरिकलाई सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ को उपदफा (२) बमोजिमको क्षेत्र तोकी साविकमा प्रदान गरिदै आएको जेष्ठ नागरिक भत्ता उपलब्ध गराउने ।

ख) नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ को उपदफा (१) बमोजिम नेपाल भरीका दलित परिवारका र मानव गरिबी सूचकाङ्कमा पछाडि परेका हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालिकोट, अछाम, बझाङ, रौतहट, महोत्तरी, सर्लाही, सिराहा, डोटी, जाजरकोट र बाजुरा गरी जम्मा १४ वटा जिल्लाहरुका ५ वर्ष उमेर पुरा नगरेका एक आमाबाट जन्मिएका बढीमा दुई बालबालिकालाई साविकमा प्रदान गरिदै आएको बालपोषण भत्ता पाउने गरी क्षेत्र तोकी उपलब्ध गराउने ।

मितिः २०७७/०१/२३

(महेश्वर न्यौपाने)
सचिव

श्री सचिव,
गृह मन्त्रालय।

जेष्ठ नागरिक तथा बाल पोषण भत्ता वितरणको क्षेत्र तोक्ने विषयको गृह मन्त्रालयको दर्ता नं. ८/३-०७७/१/२४ को प्रस्ताव म.प.बै.म. १२/०७७ मिति २०७७/२/१२ को मन्त्रिपरिषद्को वैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार मन्त्रिपरिषद्को देहायबमोजिम निर्णय गरेकाले सोयमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु—

<u>नेपाल सरकारको निर्णय</u> —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७७/२/१२